# भेरीगंगा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : १ संख्या : १ मिति : २०७५/३/२७**

## भाग २

## सार्वजनिक निर्माण कार्यका लागि घ बर्गको इजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार पारिएको कार्यविधि, २०७५

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (छ) १० को सार्वजनिक निर्माण कार्यको लागि घ वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्ने कार्यलाई कार्यान्वयन गर्नका लागि भेरीगंगा नगर कार्यपालिकाको मिति २०७५/०२/६ गतेको बैठकको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

**१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी 'घ' वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न/गराउन हुदैन ।

**२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

१) सार्वजानिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसुची -१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस भेरीगंगा नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसुची-५ बमोजिमको योग्यता भए /नभएको सम्बन्धमा सिभिल ईन्जिनीयर/सव-इन्जिनियर सहित सदस्य भएको अनुसूचि-६ बमोजिमको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निमार्ण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम भेरीगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसुची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**३) इजाजतपत्रको अवधि र नविकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघिय, प्रदेश, स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित यस भेरीगंगा नगरपालिकाबाट अनुसुची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनुपर्नेछ । इजाजत पत्र नविकरण गर्न यस नगरपालिकामा कागजात पेश गर्दा अनुसुची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नुपर्नेछ । यसरी अनुसुची-४ बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न भेरीगंगा नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ६ महिना भित्र सबै प्रक्रिया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसुची-२ बमोजिको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नविकरण गरिदिनेछ ।

**४) इजजातपत्रको खारेजी**

१) देहायको अबस्थामा भेरीगंगा नगरपालिकाले निर्माण व्यबसायीको इजाजतपत्र खारेज गर्ने सक्नेछ :

(क) झुट्टा बिबरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्वेश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा बिबरण पेश गरेको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यबसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिईने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको इजाजतपत्र स्वत: खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा भेरीगंगा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**(५) इजाजतपत्रको प्रतिलिपी दिने व्यबस्था :**

कुनै निर्माण व्यबसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निबेदन गरेमा अनुसुची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**(६) प्रचलित कानुन बमोजिम हुने :**

१) यस कार्यबिधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२) यो कार्यविधी स्वीकृत हुनु पूर्व भेरीगंगा नगरपालिकामा घ बर्गको नयाँ इजाजतपत्रका लागि पर्न आएका निवेदनका साथै विगत जिल्ला विकास समितिबाट जारी भएका इजाजतपत्रको नविकरण, नामसारी तथा ठाउँसारीको हकमा साविककै ऐन, नियम बमोजिम गर्न कुनै बाधा पर्ने छैन् ।

**(७) बचाउ :**

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यबिधि बमोजिम दिईएको मानिनेछ ।

घ बर्गको इजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार पारिएको कार्यविधि, २०७५

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

| दरखास्त वालाको फोटो |
|---|
| |

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री ............................म.न.पा/.नपा/गा.पा को कार्यालय

................

यस .....................................कार्यालयको कार्यविधि ..........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साफेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

.(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

| | |
|---|---|
| | |
| | |
| | |

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

घ वर्गको इजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र श्रेणी गनका लागि तयार पारिएको कार्यविधि, २०७९

अनूसुचि २

कार्यविधिको दफा २ को उपदफा (१) र ३ को उपदफा (३) सँग सम्बन्धित

| **क.स.** | **निर्माण व्यवसायी वर्ग** | **इजाजतपत्र दस्तुर** | **ईजाजतपत्र नविकरण दस्तुर** | **ईजाजतपत्र नविकरण थप दस्तुर** | **ईजाजतपत्र प्रतिलिपी दस्तुर** |
|---|---|---|---|---|---|
| १ | **घ** | १०००० | ४००० | ६००० | १००० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५ बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नविकरण गराउँदा ईजाजतपत्र नविकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुरमात्र तिर्नुपर्नेछ ।

घ वर्गको इजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार पारिएको कार्यविधि, २०७

अनुसूची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

# इजाजतपत्र

ईजाजतपत्र नं.....................　　　　　　　　　　मिति :- ....................

`.................म.न.पा/न.पा/गाउपालिका

`..............कार्यपालिकाको कार्यालय

................................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०........ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .............स्थित कार्यालय भएको ....................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने　　　　　　कार्यालय :-

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

घ वर्गको इजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार पारिएको कार्यविधि, २०७९

## अनुसूची -४

### निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासबुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ......................... | ......................... . | | | ......................... . | ......................... | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | .................. | .................. | ......................... .. | ......................... | ......................... . | ......................... | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | .................. | .................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................... | .................... | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | .................. | .................. | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................... | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | .................... | .................... | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

घ वर्गको इजाजत पत्र जारी, नवीकरण, संशोधन, वर्गसमी र खारेजी गर्नका लागि तयार पारिएको कार्यविधि, २०७?

अनुसुची-५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर वा टयाक्टर (एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (एक थान)
(ङ) भाइब्रेटर (एक थान)

*द्रष्टव्य :*
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनूसुचि ६

कार्यविधिको दफा २ को उपदफा (२) सँग सम्बन्धित

| क्र.सं. | पद | | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक | |
| २ | इन्जिनियर/सब-इन्जिनियर | सदस्य | |
| ३ | लेखा शाखा प्रमुख/लेखापाल | सदस्य | |
| ४ | योजना शाखा प्रमुख | सदस्य | |
| ५ | प्रशासन शाखा प्रमुख | सदस्य-सचिव | |

द्रटव्य : १) उक्त समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

२) समितिको बैठक भत्ता नेपाल सरकारको नियमानुसार हुनेछ ।

३) आवश्यकताअनुसार सरोकारवाला पक्षलाई संयोजकले बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

घ वर्गको इजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार पारिएको कार्यविधि, २०७५

अनुसूची-७

(नियम ३ को उपनियम (४) सँग सम्बन्धित)

ईजाजतपत्र नविकरणको लागि दिईने दरखास्त

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत ।

विषय : ईजाजतपत्र नवीकरण गरी पाउँ भन्ने बारे ।

निर्माण व्यवसाय सञ्चालन गर्ने ईजाजतपत्र नवीकरण गर्नका लागि देहाय बमोजिमको विवरणहरु खुलाई सार्वजनिक निर्माण कार्यको लागि (घ) वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार गरिएको निर्देशिका, २०७५ को नियम (५) को उपनियम (४) बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :
क) नाम :
ख) ठेगाना :
ग) पोष्ट बक्स :
घ) टेलिफोन :
ङ) फ्याक्स :
च) ईमेल :
२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :
क) नामः
ख) ठेगानाः
३. निर्माण व्यवसायीको :
क) प्रमाण पत्र नं.
ख) दर्ता मितिः
४. (क) ईजाजतपत्र नं.
(ख) ईजाजतपत्र जारी भएको मिति :
(ग) इजाजतपत्र जारी गर्ने कार्यालय :
५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं.
(ख) नवीकरण मितिः
६. ईजाजतपत्र नवीकरण दस्तुर/थप दस्तुर वापत रु.............................................................................
..................................अक्षरुपी.............................................................. जम्मा गरेको ........... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

निवेदक निर्माण व्यवसायीको तर्फबाट दरखास्त दिनेको :
नाम :
पद :
दस्तखत :
मिति :

आज्ञाले,
कृष्ण प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

घ वर्गको इजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार पारिएको कार्यविधि २०७५